# आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्मको प्रदेश आर्थिक ऐनहरुको संगालो

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १ विराटनगर

# प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि कर तथा राजश्व संकलन र राजश्व प्रशासनसम्बन्धी कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " आर्थिक ऐन, २०७५" रहेकोछ।

(२) यो ऐन २०७५ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घरजग्गा रजिष्ट्रेशन गर्दा अनुसूची - १ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन घर जग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिका वा नगरपालिकामार्फत घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउन आवश्यक पर्ने साधन , स्रोत, प्रविधि , जनशक्ति र कार्यालयको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संकलित रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।

३. **सवारी साधन करः** (१) प्रदेशभित्र अनुसूची - २ बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि टाँगा, रिक्सा, अटो रिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रिलरमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाई असुल उपर गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिका वा नगरपालिकामार्फत सवारी साधन कर उठाउन आवश्यक पर्ने साधन , स्रोत, प्रविधि , जनशक्ति र कार्यालयको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संकलित रकममध्ये साठी प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ ।

४. **मनोरञ्जन कर:** (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर , हाट बजार , मेला , साँस्कृतिक प्रदर्शन हल, थिएटर र कन्सर्टमा देखाइने मनोरञ्जनजन्य क्रियाकलापमा अनुसूची - ३ बमोजिम मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर एकमुष्ट तोकिएको अवस्थामा सोहीबमोजिम र अन्यमा मनोरञ्जन स्थलको प्रवेशको लागि खरीद गरिने टिकटको मूल्यमा लाग्नेछ ।

(३) उपदफा (२) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठाएको महिना भन्दा पछिल्लो महिनाको पच्चीस गतेभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा जम्मा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम मनोरञ्जन कर वापत संकलित रकमको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा मासिकरुपमा जम्मा गर्नुपर्नेछ ।

(५) उपदफा (३) को समय अवधिभित्र कर दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले हुन आउने ब्याज रकम जरीवानाकोरुपमा असुल उपर गरिनेछ ।

(६) यस दफाबमोजिम करको नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

५. **विज्ञापन कर:** (१) प्रदेशमा विज्ञापन तथा प्रचार सामाग्री राखे वापतको विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संकलित कर रकमको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा मासिकरुपमा जम्मा गर्नुपर्नेछ ।

६. **दहत्तर बहत्तर शुल्क:** (१) प्रदेशभित्र अनुसूची - ४ बमोजिम दहत्तर बहत्तर शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संकलित कर रकमको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा मासिकरुपमा जम्मा गर्नुपर्नेछ ।

(३) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ढुंगा , गिटी, बालुवा, चुनढुंगा र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानूनबमोजिम आवश्यक पर्ने वातावरणीय मूल्याङ्कन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस भन्दा अघिनै वातावरणीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत भइसकेकोमा ढुंगा , गिटी, बालुवा , चुनढुंगा र दहत्तर बहत्तर संकलन गर्न कुनै बाधा पर्ने छैन ।

(५) यस दफा बमोजिमको शुल्कको नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

७. **<u>जिल्ला निकासी शुल्कः</u>** (१) प्रदेशभित्र उत्पादन भई जिल्ला निकासी हुने कृषिजन्य, पशुजन्य र वनजन्य उत्पादनमा अनुसूची - ५ बमोजिम जिल्ला निकासी शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित जिल्ला समन्वय समितिले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्ला समन्वय समितिले संकलित शुल्कको पाँच प्रतिशतले हुन आउने रकम प्रशासनिक खर्च वापत कट्टा गरी बाँकी शुल्क मात्र प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(४) जिल्ला निकासी शुल्कको नियमन र प्रशासन प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि जिल्ला समन्वय समितिले गर्नेछ ।

८. **<u>पर्यटन शुल्कः</u>** (१) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रका पर्यटकीय स्थल , पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई असुल उपर गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्कसम्बन्धी दर तथा अन्य व्यवस्था प्रदेश कानूनले तोकेबमोजिम हुनेछ ।

९. **<u>वन पैदावार बिक्री शुल्कः</u>** (१) नेपाल सरकारले सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वनमध्ये उपभोक्ता समूहले कानूनबमोजिम कार्ययोजना बनाई निकालिएको काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरी प्राप्त भएको रकम मध्ये दश प्रतिशत रकम वन पैदावार बिक्री शुल्क वापत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कसम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्कको नियमन र प्रशासन सम्बन्धित मन्त्रालयले गर्नेछ ।

१०. **<u>दर घढाउन, बढाउन वा छुट दिन सक्ने</u>** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यकताअनुसार यो ऐन र अन्य प्रचलित कानूनबमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्णरुपमा छुट दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

(३) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्णरुपमा छुट दिइएको विवरणको सूचना आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशन गर्नुका साथै यस्तो विवरण प्रत्येक वर्ष प्रदेश सभामा समेत पेश गर्नु पर्नेछ ।

११. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>**: कर तथा गैर करसम्बन्धी प्रचलित प्रदेश कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१२. **<u>दण्ड र जरीवानाः</u>** यस ऐनको उल्लङ्घन वापत हुने दण्ड र जरीवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोहीबमोजिम र उल्लेख नभएकोमा संघीय कानूनबमोजिम हुनेछ ।

# अनुसूची- १
## (दफा २ सँग सम्बन्धित)
## रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

क. घर जग्गा रजिष्ट्रेशन शुल्क:

| सि नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उ.म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत<br>(क)राजिनामा, सट्टापट्टा, र सगोलनामाको लिखतको थैली अंकमा | ५% | ४.५% | ४% | २% |
| | (ख)सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ४% | ३% | २% | १% |
| | (ग)सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| २. | छोडपत्र<br>दर्ताफारी (संयुक्त दर्तावाला वीचको) लिखितको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| ३. | हालैदेखिको वकसपत्रको लिखत<br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा<br>(क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाईवुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीवुहारी, काका, काकी, मामा माइज्यू, भाञ्जा भाञ्जी ठूलो-बुवा, ठूली आमा (वावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बीच ।<br>(अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा<br>स्पष्टीकरण :<br>सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन । | १५% | १५% | १५% | १०% |
| ४. | अंशवण्डा तथा अंश भपाईको लिखत<br>अंशवण्डा तथा अंश भपाईको लिखतमा<br>(क) रु.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% | ०.२% |
| | (ख) रु.३० लाख भन्दा वढी रु. २ करोडसम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% | ०.३% |
| | (ग) रु. २ करोड भन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% | ०.५% |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको लिखत<br>(क) मानो छुट्टिएको प्रति लिखत | रु.१२००० | रु.११००० | रु.१०००० | रु.५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ख) मानो जोडिएको प्रति लिखत | रु.१५००० | रु.१२००० | रु.१०००० | रु.५००० |
| ६. | शेषपछिको वकसपत्रको लिखत<br>शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत<br>(क) तीन पुस्ताभित्रको<br>(ख) तीन पुस्ताबाहिरको | रु.७०००<br>रु.१२००० | रु.६०००<br>रु.११००० | रु.५०००<br>रु.१०००० | रु.२०००<br>रु.४००० |
| ७. | बन्धकीको लिखत<br>दृष्टिबन्धकी, भोगबन्धकी, र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% | १% |
| ८. | धर्मपुत्र र धर्मपुत्रीको लिखत<br>धर्मपुत्र र धर्मपुत्रीको प्रति लिखतमा<br>क) तीन पुस्ताभित्रको नातामा<br>ख) तीन पुस्ता बाहिरको नातामा | रु.१०००<br>रु७००० | रु.१०००<br>रु.६००० | रु.१०००<br>रु.५००० | रु.१०००<br>रु.४००० |
| ९. | अधिकारनामा,मञ्जुरीनामा र अख्तियारनामाको लिखत<br>अधिकारनामा, मंजुरीनामा र अख्तियारनामाको लिखत | रु.२००० | रु.२००० | रु.२००० | रु.२००० |
| १०. | कपाली तमसुक र करारनामाको लिखत<br>दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% | १% |
| ११. | सि.नं. ४ को अंशवण्डा तथा अंश भपाईको लिखत घर जग्गा भएको कुनै गाउँपालिका तथा नगरपालिकामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि ८ सम्मका घर जग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरू अर्को गाउँपालिका तथा नगरपालिकामा पारित गर्न सकिने छैन । | | | | |

ख.सेवा शुल्क :

| सि नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उ.म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क<br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क :<br>(क) तराई क्षेत्रमा<br>(ख) अन्य क्षेत्रमा | रु.१५०००<br>रु.१५००० | रु.१००००<br>रु७००० | रु.७०००<br>रु.५००० | रु.३०००<br>रु.२००० |
| २. | वित्तीय धितो<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | (क) रु. १००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० |
| | (ख) रु. १००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्मको थैली अङ्कमा | रु.१५०० | रु.१५०० | रु.१५०० | रु.१५०० |
| | ((ग) रु. ५,००,०००।- भन्दा बढी रु.१०,००,०००।- सम्मको थैली अङ्कमा | रु.२५०० | रु.२५०० | रु.२५०० | रु.२५०० |
| | (घ) रु.१०,००,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्मको थैली अङ्कमा | रु.३००० | रु.३००० | रु.३००० | रु.३००० |
| | (ङ) रु.२०,००,०००।- भन्दा बढी रु.५०,००,०००।- सम्मको थैली अङ्कमा | रु.५००० | रु.५००० | रु.५००० | रु.५००० |
| | (च) रु. ५०,००,०००।- भन्दा बढी रु. १,००,००,०००।- सम्मको थैलीअङ्कमा | रु.२०००० | रु.२०००० | रु.२०००० | रु२०००० |
| | (छ) रु १,००,००,०००।- भन्दा बढी रु.२,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.३०००० | रु.३०००० | रु.३०००० | रु.३०००० |
| | ज) रु २,००,००,०००।- भन्दा बढी रु.५,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रु.६५००० | रु.६५००० | रु.६५००० | रु.६५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | (झ) रु.५,००,००,००० भन्दा वढी जतिसुकै थैली अङ्कमा | रु.१००००० | रु.१००००० | रु.१००००० | रु.१००००० |
| ३. | लीज<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची- १ अनुसारको शुल्क लाग्नेछ । | | | |
| ४. | जग्गाधनि दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा<br>(क) तराई क्षेत्र<br>(ख) अन्य क्षेत्र<br>नोट: जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ | <br><br>रु.१०००<br>रु.१००० | <br><br>रु.७००<br>रु.५०० | <br><br>रु.५००<br>रु.३०० | <br><br>रु.२००<br>रु.१०० |
| ५. | दाखिल खारेज शुल्क<br>(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा | ३% | २.५% | २% | १% |
| | (ग) बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | (घ) बैंक वित्तीय संघ वा सहकारीसंस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संघा वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.७००० | रु.६००० | रु.५००० | रु.२००० |
| | (ङ) बैंक, वित्तीय संस्था वां सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (१) भूमिसुधार कार्यालयबाट जग्गा वाडफाड भई दा.खा. हुन आँउदा प्रति मिसिल | रु.५०० | रु.४०० | रु.३०० | रु.२०० |
| | (२) अदालत वा न्यायिक निकायको फैसलाबमोजिम लिलाम वढावढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.५००० | रु.३००० | रु.१००० | रु.५०० |
| | (च) शेषपछिको वकसपत्रको दाखिल खारेज<br>(क) तीनपुस्ता भित्रको भए<br>(ख) तीनपुस्ता बाहिरको भए (थैली अंक)मा | सबै क्षेत्रका लागि अंशवंडा सरह<br><br>सबै क्षेत्रका लागि राजिनामा सरह | | | |
| ६. | नामसारी — नामसारी<br>(क)तीन पुस्ता भित्रको नामसारी गर्दा<br>(ख)तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | <br>रु.१५००<br>रु.३५०० | <br>रु.१२००<br>रु.३००० | <br>रु.१०००<br>रु.३००० | <br>रु.५००<br>रु.१५०० |
| ७. | हाल साविक — पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.४०० | रु.३०० | रु.२०० | रु.१०० |
| ८. | घर कायम — श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२५०० | रु.२००० | रु.२००० | रु.५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | संशोधन शुल्क | मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.३०० | रु.२०० | रु.१०० | रु.५० |
| १० | रोक्का शुल्क: | क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | | ख) लिखत रजिष्ट्रेशन नहुनेमा (अ) रु.१००,०००। सम्मको ऋण अङ्कमा | रु.५०० | रु.४०० | रु.३०० | रु.२०० |
| | | (आ) रु. १,०००००। भन्दा वढी रु.५,००,०००। सम्म | रु.८०० | रु.७०० | रु.५०० | रु.३०० |
| | | (इ) रु. ५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | रु.१००० | रु.८०० | रु.७०० | रु.५०० |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रु.५००० | रु.४००० | रु.३००० | रु.२००० |

ग. विविधः

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| २. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ३. | प्रदेशभित्र सूर्ती, गुड्खा,पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ४. | प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु. १०००।- लाग्नेछ। |
| ५. | (क) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु. ५००।- लाग्नेछ। |
| | (ख) सहकारी ऐन, २०७४ वमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु विच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा माथिको थैली अंकमा खण्ड ख. सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्ने छ। |
| ६. | (क) प्रदेशभित्र बैंकिङ्ग तथा वित्तिय व्यवसाय र विमा व्यावासाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन । |
| | (ख) जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वमित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ७. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाती भनी स्थानीय निकायवाट प्रमाणित भएको सिफारिस वा अधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ८. | महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरि पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ। |
| ९. | (क) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.१००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |
| | (ख) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा ५०% छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| | (ग) भूमिहिन मुक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| १०. | बैक, वित्तिय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तिय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ। |
| ११. | धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउमा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा ५० प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ। |
| १२. | प्रदेशभित्र यो ऐन लागू हुँदाका वखत नेपाल सरकारवाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ। |
| १३. | सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी , तराइ र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक विक्रि गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ । |
| १४. | विविधको क्रमसंख्या ७, ८, ९ र १० बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |
| १५. | एउटै कारोवारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य ( गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र लिखत पारित गर्नेछ। |
| १६. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १७. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| १८. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकारको अर्को कुनै निकायको |

| | |
|---|---|
| | नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा  रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| १९. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै निकायलाइ नि:शुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनि निकायले खरीद गरि लिएमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २०. | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सवाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |

# अनुसूची- २

## (दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

| | |
|---|---|
| **सवारी साधन कर** | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ)  १००० सी.सी सम्म | रु.२१००० |
| (आ)  १००१ देखि १५०० सी.सी सम्म | रु.२३००० |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.३०००० |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु.३५५०० |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.४१००० |
| (ऊ)  २९०१ सी.सी. देखि माथि सबै | रु.५८५०० |
| (ख) डोजर, एक्साभेटर, लोडर,  रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपररु | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.३८५०० |
| (आ) मिनीटिपर | रु.२७५०० |
| (ग) ट्रेक्टर | रु.४५०० |
| (घ) मिनिट्रक/मिनिबस | रु.२४५०० |
| (ङ) ट्रक/बस | रु.३३००० |
| (च) मोटर साइकल | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२८०० |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४५०० |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.९००० |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१६५०० |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु.८५०० |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.९५०० |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.११५०० |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१३५०० |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु.१६००० |

| | |
|---|---|
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, टिृपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१८००० |
| (ग) ट्रेक्टर | रु.२७०० |
| (घ) मिनीट्रक, मिनीबस | रु.१२५०० |
| (ङ) मिनी टिृपर | रु.१५००० |
| (च) ट्रक, बस | रु.१७००० |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश र स्थानिय तहको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई दफा २ बमोजिम लाग्ने सरह कर लाग्नेछ । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | साविकमा बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १३. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १४. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन । |
| १५. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १६. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १७. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १८. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

मनोरञ्जन कर

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | मनोरञ्जनको लागि टिकट खरिद गर्नु पर्ने चलचित्र घर र हाट बजार, मेला, साँस्कृतिक प्रदर्शन हल, थिएटर तथा कनसर्ट आदि | टिकटमा उल्लेखित रकमको ५ प्रतिशत | |
| २. | मनोरञ्जन करका लागि एकमुष्ट रकम तोकिएको मनोरञ्जनको साधनमा | प्रतिदिन रु.५०० | |

अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

दहत्तर बहत्तर शुल्क

| सि.नं. | विवरण | दर रु. (प्रति क्यू फिट) | कैफियत |
|---|---|---|---|
| १. | ढुंगा, गिटी, रोडा, ग्रावेल | ३ | |
| २. | बालुवा | २.५० | |
| ३. | माटो (भरौट र बलौटे) | १.२५ | |
| ४. | चुनढुंगा | ३ | |

# अनुसूची - ५
## (दफा ७ सँग सम्बन्धित)
## जिल्ला निकासी शुल्क

| क्र.सं. | विवरण | ईकाइ | दर रु.मा |
|---|---|---|---|
| १. | उन (प्राकृतिक, कृत्रिम जगर ) | के.जी | ०.१० |
| २. | खोटो | के.जी | ०.५० |
| ३. | भेनिस्ता | फुलबडी ट्रक | २००० |
| ४. | भेनिस्ता | हाल्फबडी ट्रक | १००० |
| ५. | भेनिस्ता | प्रति ट्रयाक्टर | १००० |
| ६. | चिरैतो | के.जी | १० |
| ७. | यार्सागुम्बा | के.जी | ३००० |
| ८. | रिठ्ठा | के.जी | २ |
| ९. | पांग्रा | के.जी | १ |
| १०. | सिन्कौली ( दालचिनी ) | के.जी | ५ |
| ११. | चावो | के.जी | २ |
| १२. | जटामसी | के.जी | ७ |
| १३. | मजिटो | के.जी | ५ |
| १४. | नागवेली पिठो | के.जी | ५ |
| १५. | पिपला | के.जी | २ |
| १६. | ईन्द्रेणी बियाँ | के.जी | ०.२५ |
| १७. | विखमा | के.जी | १५ |
| १८. | विषजरा | के.जी | ५ |
| १९. | प्याज | के.जी | ०.२५ |
| २०. | वन प्याज | के.जी | १ |
| २१. | सर्पगन्धा | के.जी | ५ |
| २२. | धुपी | के.जी | ५ |
| २३. | झ्याउ | के.जी | ५ |
| २४. | लौठ सल्ला | के.जी | १५ |
| २५. | ढुङ्गे सल्ला | के.जी | १० |
| २६. | लव्सी विया | के.जी | १ |
| २७. | चिउरीको वियाँ | के.जी | १ |
| २८. | पाखनवेद | के.जी | ५ |
| २९. | वेल | के.जी | २ |
| ३०. | ओखर | के.जी | ५ |
| ३१. | लाहा | के.जी | २ |
| ३२. | कुरिलोको जरा | के.जी | २ |
| ३३. | हाडे लसुन | के.जी | २ |
| ३४. | हर्रो, बर्रो | के.जी | १ |
| ३५. | बोझो | के.जी | २ |

| | | | |
|---|---|---|---|
| ३६. | जिबवन्ती | के.जी | २ |
| ३७. | तितेपाती | के.जी | १ |
| ३८. | अमला | के.जी | १ |
| ३९. | च्याउ | के.जी | १ |
| ४०. | पदमचाल | के.जी | ४ |
| ४१. | अदुवा सुठो | के.जी | १ |
| ४२. | अदुवा | के.जी | ०.५० |
| ४३. | टिमुर | के.जी | १ |
| ४४. | उल्लेख नभएका अन्य जडिबुटि | के.जी | १.५० |
| ४५. | छ्वाली | प्रति ट्रक/प्रति ट्र्याक्टर | १००/८० |
| ४६. | खर, पराल | प्रति ट्रक/प्रति ट्र्याक्टर | १००/८० |
| ४७. | बाबियो, निगालो | के.जी. | १.५० |
| ४८. | लोक्ता | के.जी. | २ |
| ४९. | पटेर, अम्लीसो कुचो | के.जी | ०.५० |
| ५०. | बाँस | प्रति गोटा | १ |
| ५१. | विछ्याउने ढुङ्गा, स्लेट | प्रति वर्ग फिट | २ |
| ५२. | सुर्तिको डण्ठल कतरन नसल | प्रति के.जी. | ०.५० |
| ५३. | सालको वियाँ | प्रति के.जी. | १ |
| ५४. | सल्लाको सिम्टा | प्रति के.जी. | ०.५० |
| ५५. | सिलाजित | प्रति के.जी. | ५ |
| ५६. | कुरिङ्ग ढुङ्गा | प्रति के.जी. | ५ |
| ५७. | टुरमालिन् | प्रति के.जी. | १००० |
| ५८. | क्वार्ज | प्रति के.जी. | ५० |
| ५९. | पंक्षीको प्वाख | प्रति के.जी. | ५ |
| ६०. | हाड | प्रति के.जी. | ५ |
| ६१. | सिङ | प्रति के.जी. | ५ |
| ६२. | खुर | प्रति के.जी. | ५ |
| ६३. | काचो छाला | प्रति के.जी. | ३० |
| ६४. | नेपाली कागज | प्रति कोरी | ५ |
| ६५. | अर्गेली | प्रति के.जी. | २ |
| ६६. | भिर मौरीको मह | प्रति के.जी. | ५ |
| ६७. | खयर | प्रति के.जी. | १ |
| ६८. | काठको विड, वोर्ड | प्रति ट्रक | १००० |
| ६९. | काठको विड, वोर्ड | प्रति ट्र्याक्टर | ६०० |
| ७०. | काठको खाट | प्रति गोटा | १० |
| ७१. | काठको टेवल | प्रति गोटा | ५ |
| ७२. | काठको कुर्सी | प्रति गोटा | ५ |
| ७३. | काठको दराज | प्रति गोटा | १० |
| ७४. | वस्ने मुडा | प्रति गोटा | १ |
| ७५. | नरिवल सुकेको | प्रति के.जी | ०.५० |

| | | | |
|---|---|---|---|
| ७६. | नरिवल काँचो | प्रति गोटा | ०.१० |
| ७७. | अलैची | प्रति के.जी | १० |
| ७८. | दाना( रुद्राक्ष) मुल्यवान वाहेक | प्रति के.जी. | १ |
| ७९. | तरकारी (वन्दाकोपी फूलकोपी,स्कुस) | प्रति मन | ५ |
| ८०. | अन्य तरकारीजन्य वस्तु | प्रति के.जी. | ०.२५ |
| ८१. | सुन्तला, कागती, | प्रति के.जी. | १ |
| ८२. | नासपाती | प्रति के.जी. | ०.५० |
| ८३. | आलु | प्रति मन | १० |
| ८४. | छुर्पि | प्रति के.जी. | २ |
| ८५. | गलैचा | प्रति गोटा | २० |
| ८६. | राडी पाखी | प्रति गोटा | १० |
| ८७. | माछा सुकेको | प्रति पेरुङ्गो. | ५ |
| ८८. | माछा आलो | प्रति के.जी. | २ |
| ८९. | माछाका भुरा | प्रति ट्रक | १००० |
| ९०. | माछाका भुरा | प्रति भार | २० |
| ९१. | चिया सुकेको तयारी | प्रति के.जी. | २ |
| ९२. | चिया हरीयो पत्ती | प्रति के.जी. | ०.२० |
| ९३. | कफी | प्रति के.जी. | २ |
| ९४. | गाई, गोरु | प्रति गोटा | १०० |
| ९५. | राँगा, भैसी, घोडा | प्रति गोटा | १५० |
| ९६. | भेडा, बाखा, खसी, वोका | प्रति गोटा | ३० |
| ९७. | सुगुर, वंगुर | प्रति गोटा | ३० |
| ९८. | पाँडा पाडी, बाच्छा बाच्छी | प्रति गोटा | १० |
| ९९. | अन्य चौपाया | प्रति गोटा | २० |
| १००. | हाँस, कुखुरा | प्रति गोटा | ५ |
| १०१. | सखखर | प्रति मन | २० |
| १०२. | केरा | प्रति घरी | ५ |
| १०३. | सुकेको हर्दी | प्रति के जी | २ |
| १०४. | सुकेको लसुन | प्रति के.जी. | २ |
| १०५. | जुनार, निबुवा | प्रति के.जी. | २ |
| १०६. | बोडी, गहत, दाल, फिलुङ्गे, दलहन, भटमास र कालो मास | प्रति के.जी | ०.२५ |
| १०७. | आँप, लिची | प्रति के.जी. | ०.२५ |
| १०८. | काँचो हर्दी | प्रति के.जी. | ०.२५ |
| १०९. | कटहर | प्रति के.जी. | ०.१० |
| ११०. | तोरी र तेलहन | प्रति के.जी. | ०.२५ |
| १११. | पिना | प्रति के.जी. | ०.२५ |
| ११२. | गँहु, धान | प्रति के.जी. | ०.०५ |
| ११३. | चामल | प्रति के.जी. | ०.०५ |
| ११४. | कोदो | प्रति के.जी. | ०.१० |
| ११५. | मैदा पिठो | प्रति के.जी | ०.१० |

| | | | |
|---|---|---|---|
| ११६. | मकै | प्रति के.जी | ०.०५ |
| ११७. | सुर्यमुखि | प्रति के.जी | ०.१० |
| ११८. | गुण लाली | प्रति टिन | २ |
| ११९. | फापर, खरवुजा, काक्रो | प्रति के.जी | ०.१५ |
| १२०. | मुराही, चिउरा | प्रति के.जी | ०.०५ |
| १२१. | भुई कटहर | प्रति के.जी | ०.२५ |
| १२२. | पानको पात | प्रति टोकरी | २ |
| १२३. | पिडालु | प्रति के.जी | ०.१० |
| १२४. | उखु | प्रति ट्रक/ट्र्याक्टर | २००/१०० |
| १२५. | सनपाट | प्रति के.जी | ०.०५ |
| १२६. | तित्री(इमली) | प्रति के.जी | ०.१० |
| १२७. | तरुलजन्य बस्तु | प्रति के.जी. | ०.२५ |
| १२८. | मन्जा | प्रति के.जी. | ०.३० |
| १२९. | मोलासिस | प्रति ट्रक | ५०० |
| १३०. | भुसा | प्रति के.जी. | ०.३० |
| १३१. | सुपाडी काँचो | प्रति के.जी. | १ |
| १३२. | सुपाडी सुकेको | प्रति के.जी. | ३ |
| १३३. | छकडा अन्य मसलाजन्य बस्तु | प्रति के.जी. | ०.५० |
| १३४. | सिन्का बाँसको | प्रति मन | ३० |
| १३५. | मिनरल वाटर | प्रति लिटर | ०.१० |
| १३६. | मार्वल | प्रति स्क्वायर फिट | १ |
| १३७. | पटुवा | प्रति मन | १५ |
| १३८. | सुर्ती | प्रति के.जी. | १५ |
| १३९. | अण्डा | प्रति क्यारेट | १ |
| १४०. | चोकर | प्रति के.जी. | ०.०५ |
| १४१. | ब्रानको तेल | प्रति लिटर | १० |
| १४२. | भुस इनधनमा प्रयोग हुने | प्रति के.जी | ०.०५ |
| १४३. | सिसौ, साल गोलिया | प्रति क्यू. फिट | १५ |
| १४४. | सिसौ, साल चिरान | प्रति क्यू. फिट | १२ |
| १४५. | अन्य काठ, चट्टा चिरान/गोलिया | प्रति क्यू. फिट | ५ |
| १४६. | दाउरा चट्टा | प्रति ट्र्याक्टर | १०० |
| | | प्रति ट्रक हाफ | २०० |
| | | प्रति ट्रक सानो फुल | ३०० |
| | | प्रति ठुलो ट्रक | ४०० |
| १४७. | प्लाई बोर्ड | प्रति ट्रक | १००० |
| १४८. | रोला बोर्ड | प्रति ट्रक | ६०० |
| १४९. | तेज पत्ता | प्रति के.जी. | २ |
| १५०. | लेमनग्रासको तेल, सिटानोलको तेल, अदुवाको तेल | प्रति लिटर | १० |
| १५१. | कथ्था,लप्सीको बिया | प्रति के.जी. | १ |
| १५२. | पामारोजा तेल, सिंगर तेल, | प्रति लिटर | १० |

| | | | |
|---|---|---|---|
| १५३. | भेनियर पत्ता ठुलो ट्रक | प्रति ट्रक | ६०० |
| १५४. | कच, रोजिन | प्रति के.जी. | ०.१० |
| १५५. | तारपीन तेल | प्रति लिटर | ०.२० |
| १५६. | कपास | प्रति के.जी. | ०.१० |
| १५७. | सिमलको भुवा | प्रति के.जी. | ०.५० |
| १५८. | उन(भेडा, खरायो) | प्रति के.जी. | ०.२५ |
| १५९. | जाबो | प्रति के.जी. | १ |
| १६०. | कुडकी | प्रति के.जी. | १ |
| १६१. | जमान मान्द्रो | प्रति के.जी. | २ |
| १६२. | चुत्रो | प्रति के.जी. | २ |
| १६३. | अम्लिसोको तयारी कुचो | प्रति गोटा | ३ |
| १६४. | सुनपाति | प्रति के.जी. | १० |
| १६५. | सुगन्धावाला | प्रति के.जी. | ५ |
| १६६. | पदमचाल | प्रति के.जी. | २ |
| १६७. | पैयुको बोक्रा | प्रति के.जी. | १ |
| १६८. | साल धुप | प्रति के.जी. | १ |
| १६९. | लेमनग्रास | प्रति के.जी. | १ |
| १७०. | कदमको दाना | प्रति के.जी. | १ |
| १७१. | अकवरे खुर्सानी हरियो | प्रति के.जी. | ०.५० |
| १७२. | अकवरे खुर्सानी सुकेको | प्रति के.जी | १.५० |
| १७३. | डोको, नाङ्लो, डालो, मान्द्रो (व्यावसायीक निकासी मात्र ) | प्रति गोटा | २ |
| १७४. | रुदाक्ष दुई मुखी | प्रति गोटा | १६० |
| १७५. | रुदाक्ष तिन मुखी | प्रति गोटा | ४ |
| १७६. | रुदाक्ष सात मुखी | प्रति गोटा | २ |
| १७७. | रुदाक्ष ८,९,१०,११ मुखी | प्रति गोटा | २० |
| १७८. | रुदाक्ष १२ मुखी | प्रति गोटा | ४० |
| १७९. | रुदाक्ष १३ मुखी | प्रति गोटा | ८५ |
| १८०. | रुदाक्ष १४ मुखी | प्रति गोटा | २५० |
| १८१. | रुदाक्ष १५ मुखी | प्रति गोटा | २०० |
| १८२. | रुदाक्ष १६ मुखी | प्रति गोटा | ३५० |
| १८३. | रुदाक्ष १७ मुखी | प्रति गोटा | ९०० |
| १८४. | रुदाक्ष १८ मुखी | प्रति गोटा | १९०० |
| १८५. | रुदाक्ष १९ मुखी | प्रति गोटा | ५५०० |
| १८६. | रुदाक्ष २० मुखी | प्रति गोटा | ९५०० |
| १८७. | रुदाक्ष २१ मुखी | प्रति गोटा | २५००० |
| १८८. | रुदाक्ष २२,२३,२४,२५ मुखी | प्रति गोटा | १९००० |
| १८९. | रुदाक्ष २६ र २७ मुखी | प्रति गोटा | ३५००० |
| १९०. | रुदाक्ष गौरी पाठ र त्रिपाठ | प्रति गोटा | २५०० |
| १९१. | रुद्राक्ष गौरीशंकर | प्रति गोटा | २५ |
| १९२. | गणेश | प्रति गोटा | २ |

| | | | |
|---|---|---|---|
| १९३. | सुगुरको जगर | प्रति के.जी. | ०.२५ |
| १९४. | ढाका टोपी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | ५ |
| १९५. | सर्ट, चौवन्दी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | ५ |
| १९६. | ढाका साडी १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | २५ |
| १९७. | ढाका ठुलो पछ्यौरी, कुर्ता सलवार १ दर्जन भन्दा माथी मात्र | प्रति गोटा | १५ |
| १९८. | मह | प्रति के.जी. | १ |
| १९९. | दुध | प्रति ट्याङकर | २५ |
| २००. | गुजरगानो | प्रति के.जी. | १ |
| २०१. | खोकिम | प्रति के.जी. | १ |
| २०२. | चिङफिङ, सुनथाङ्ने | प्रति के.जी. | १५ |
| २०३. | घिउ/चिज (दुग्ध विकास वाहेकको ) | प्रति के.जी. | २ |
| २०४. | एभाकाडो, किवी फल | प्रति के.जी. | २ |
| २०५. | मटरकोसा, भटमासकोसा | प्रति मन | ७ |
| २०६. | अमिलो चुक | प्रति लिटर | ७ |
| २०७. | बिरुवा | प्रति गोटा | ०.२५ |

विधेयक संख्या :-

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०७६

प्रदेश सभा सचिवालय

प्रदेश नं. १

विराटनगर, नेपाल

# उद्देश्य र कारण

प्रदेश सरकार प्रदेश नं.१ को अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केहि कर र शुल्क लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न तथा प्रदेशको राजस्व प्रशासन सम्बन्धी व्यवस्था तोक्न समेत आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क र दस्तुरको निर्धारण, त्यस्तो राजस्व, कर, शुल्क र दस्तुरको दर बढाउन, घटाउन वा आंशिक वा पूरै छुट दिने व्यवस्थाको अलावा घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सवारी चालक अनुमतिपत्र दस्तुर, मनोरञ्जन कर, बिज्ञापन कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत साधन संकलन तथा बिक्री शुल्क, वन पैदावार बिक्री शुल्क लगायतका शुल्क र कर निर्धारण गरिएको छ ।

द्रष्टब्यः यो विधेयक अर्थ विधेयक हो ।

( मा. इन्द्र बहादुर आङ्बो )

मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. १

# <u>प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक</u>

<u>**प्रस्तावना**</u> : प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर लगाउने र करको दर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले,

प्रदेश नं. १ प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यो ऐन २०७६ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

२. <u>**घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर**</u> : (१) आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश नं.१ भित्र अनुसूची– १ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुरको संकलन घरजग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित नगरपालिका र गाउँपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिका वा नगरपालिका मार्फत घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर उठाउन आवश्यक पर्ने स्रोत, साधन, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्थापन नभए सम्म नेपाल सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ |

(४) उपदफा (३) बमोजिम संकलित रकम बाँडफाँड गरी घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर बापत संकलित रकमको साठी प्रतिशतले हुन आउने रकम मासिक रुपमा सम्बन्धित स्थानीय तहको संचितकोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचितकोषमा दाखिला गरिनेछ |

३. <u>**सवारी साधन कर**</u> : (१) आर्थिक बर्ष २०७६/०७७ मा प्रदेश नं. १ भित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेको सवारी साधनमा अनुसूची– २ बमोजिम सवारी साधन कर लगाईने र असूल गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा(ई– रिक्सा) र पावर ट्रिलरमा सम्बन्धित नगरपालिका वा गाउँपालिकाले सवारी साधन कर लगाई असुल गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर उठाउन आवश्यक पर्ने साधन, स्रोत, प्रविधि जनशक्ति र कार्यालयको व्यवस्था नभएसम्म प्रदेश सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संकलित रकम प्रदेश बिभाज्य कोषमा जम्मा गरी जम्मा भएको कुल रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम प्रदेश संचितकोषमा र चालीस प्रतिशतले हुन आउने रकम स्थानीय बिभाज्य कोषमा दाखिला गरि स्थानीय तहलाई तोकिए बमोजिम बाँडफाँड गरी स्थानीय संचित कोषमा दाखिला गरिनेछ ।

४. <u>सवारी चालक अनुमति-पत्र, सवारी दर्ता किताब (ब्लू बुक) सम्बन्धी दस्तुर</u> :

(१) आर्थिक बर्ष २०७६/०७७ मा प्रदेश नं. १ भित्र सवारी चालक अनुमति पत्रको इजाजत दस्तुर, सवारी चालक अनुमति पत्रको दरखास्त दस्तुर, सवारी चालक अनुमति पत्रको नवीकरण दस्तुर, सवारी चालक अनुमतिपत्रको जरिवाना, सवारी चालक अनुमतिपत्रको पुनः प्रयोगात्मक परिक्षा (रि-ट्रायल) दस्तुर, सवारीको दर्ता किताब दस्तुर(ब्लू बुक), सवारी जाँचपास दस्तुर तथा सोको नवीकरण दस्तुर र अन्य दस्तुर सम्बन्धी व्यवस्था प्रचलित सवारी तथा यातायात सम्बन्धी कानुन बमोजिम लगाइने र असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सवारी चालक अनुमति-पत्र सम्बन्धि दस्तुर प्रदेश सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ ।

(३) यस दफामा उल्लिखित दस्तुर तोकिएको कार्यालयले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्नेछ ।

५. <u>मनोरञ्जन कर</u> : (१) आर्थिक बर्ष २०७६/०७७ मा प्रदेश नं. १ भित्र सञ्चालित चलचित्र घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट, नाटक घर /थियटर ,फनपार्क, बाल उद्धान, वाटर पार्क, दोहोरी साँझ, डान्सबार, जुम्बा, हाट बजार र मेला जस्ता मनोरञ्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाईने र असूल गरिनेछ ।

(२)उपदफा (१) बमोजिम को मनोरञ्जन कर एकमुष्ठ तोकिएको अवस्थामा सोहि बमोजिम र अन्यमा मनोरञ्जन स्थलको प्रवेशको लागि खरिद गरिने टिकटको मुल्यमा लाग्नेछ ।

(३) उपदफा (२) बमोजिम मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठेको महिना भन्दा पछिल्लो महिनाको पच्चीस गते भित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधि भित्र शुल्क दाखिला नगरेमा बार्षिक पन्ध्र प्रतिशतका दरले ब्याजसहित असुल गरिनेछ ।

(५) यस दफा बमोजिमको मनोरञ्जन करको नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

(६) उपदफा (१) बमोजिम संकलित करको बाँडफाँड गरी चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

६. <u>विज्ञापन कर</u> : (१) आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश नं. १ भित्र राखिने होर्डिंग बोर्ड, साईन बोर्ड, व्यानर, ट्राइ भिजन, बोर्ड, गलो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको बिज्ञापन/प्रचारको लागि राखिने बस्तु वा सामग्रीमा गरिने विज्ञापनमा बिज्ञापन कर लगाईने र असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन करको दर एवं कर संकलन प्रणाली सम्बन्धित नगरपालिका र गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ र यस करको नियमन र प्रशासन सम्बन्धित नगरपालिका र गाउँपालिकाले गर्नेछ।

३) उपदफा (१) बमोजिम संकलित रकमको बाँडफाँड गरि चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गरिनेछ ।

७. <u>पर्यटन शुल्क</u> : (१) आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश नं. १ भित्र अनुसूची-४ बमोजिम पर्यटन शुल्क लगाईने र असुल गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिका भित्र रहेका उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र पुरातात्विक सम्पदा लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरे बापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असुल गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पर्यटन शुल्क सम्बन्धी कार्यविधि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकार, उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धी सम्पूर्ण कार्य प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धित नगरपालिका वा गाउँपालिकाले गर्नेछ ।

(६) उपदफा (२) बमोजिम संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

८. <u>प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क</u> : (१) आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश नं. १ भित्र अनुसूची–५ बमोजिम ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तरको संकलन तथा बिक्रीमा शुल्क लगाईने र असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

(३) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन कार्ययोजना प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस भन्दा पहिले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसकेको अवस्थामा ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर संकलन गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (१) बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा दाखिला गरिनेछ ।

९. <u>वन पैदावार शुल्क</u> : (१) आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश नं. १ भित्र नेपाल सरकार द्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वन मध्ये उपभोक्ता समुहले कानून बमोजिम कार्ययोजना बनाई निकालिएको साल र खयर बाहेकका काठ उपभोक्ता समुह बाहिर ब्यापारिक प्रयोजनको लागि बिक्री गरेमा त्यसरी बिक्री गरी प्राप्त गरेको रकममा पन्ध्र प्रतिशत रकम वन पैदावार शुल्क वापत प्रदेश संचित कोषमा दाखिला गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समुह बाहिर ब्यापारिक प्रयोजनका लागि काठ बिक्री गरि उपभोक्ता समुहले प्राप्त गरेको रकम

सामुदायिक वनको संरक्षण, सम्वर्धन, वातावरण संरक्षण र स्थानीय विकाससँग सम्बन्धित कार्यमा खर्च गर्नुपर्नेछ ।

(३) वन पैदावर शुल्क सम्बन्धि कार्यविधि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बन पैदावार शुल्कको नियमन र प्रशासन सम्बन्धी सम्पूर्ण कार्य प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट हुनेछ ।

१०. <u>दण्ड जरिवाना</u> : (१) आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश नं. १ भित्र कुनै व्यक्ति संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड जरिवाना गर्न सक्नेछ ।

(२) यस ऐनको उल्लङ्घन बापत हुने दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोहि बमोजिम र उल्लेख नभएकोमा संघीय कानून बमोजिम हुनेछ।

(३)उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

११. <u>दर घटाउन, बढाउन वा छुट दिन सकिने</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले मुनाफा रहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहका निकाय वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क र करको दर घटाउन वा त्यस्तो दस्तुर , शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

(४) यस दफा बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१२. <u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u> : प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

अनुसूची– १

(दफा २ सँग सम्बन्धित)

## रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

क) घर जग्गा रजिष्ट्रेशन शुल्कः

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उ.म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १. | राजिनामा,सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | क) राजिनामा,सट्टापट्टा र सगोलनामाको लिखतको थैलि अंकमा | ५% | ४.५% | ४% | २% |
| | ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ३% | २% | १% | ०.५% |
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अंकमा | ४% | ३.५% | ३% | १.५% |
| २. | छोडपत्र दर्ताफारी (संयुक्त दर्तावाला विचको लिखितको थैली अंकमा ) | | | | |
| | क) दुई जना दर्तावाला रहेकोमा | २.५% | २% | २% | १% |
| | ख) दर्तावाला दुई जना भन्दा बढी रहेकोमा | राजिनामा सरह | राजिनामा सरह | राजिनामा सरह | राजिनामा सरह |
| ३. | हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा | | | | |
| | क) बाजै, बज्यै, आमा, बावु, पति, पत्नि, दाजु, भाउजु, भाइ, भाईवुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी ,छोरी, छोरीज्वाई, सासु ससुरा, जेठान, देवर, देवरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीवुहारी, काका, काकी, मामा, माइज्यू ,भाञ्जा भाञ्जी ठुलो-बुवा, ठुली आमा (वावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजुभाईको छोरा, छोरी, फूपू र भदा भदै बीच । | | | | |
| | (अ) रु.१ लाख सम्मको थैली अंकमा | १.५% | १% | १% | ०.५% |
| | (आ) रु.१ लाख भन्दा माथि जति सुकै थैलि अंकमा | २.५% | २% | २% | १% |
| | ख) अन्य वकसपत्र र दानपत्रको थैली अंकमा | १५% | १५% | १५% | १०% |
| | स्पष्टीकरण<br>सरकारी विश्वविधालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विधालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | <u>अंशवण्डा तथा अंश भर्पाईको लिखत</u><br>अंशवण्डा तथा अंश भर्पाईको लिखतमा<br>(क) रु.३० लाख सम्मको थैलि अंकमा<br>(ख) रु.३० लाख भन्दा वढी रु.२ करोड सम्मको थैलि अंकमा<br>(ग) रु.२ करोड भन्दा माथिको थैलि अंकमा | ०.२%<br>०.३%<br>०.५% | ०.२%<br>०.३%<br>०.५% | ०.२%<br>०.३%<br>०.५% | ०.२%<br>०.३%<br>०.५% |
| ५. | <u>मानो छुट्टिएको र मानो जोडिएको लिखत</u><br>क) मानो छुट्टिएको प्रति लिखत<br>ख) मानो जोडिएको प्रति लिखत | रु.१२०००<br>रु.१५००० | रु.११०००<br>रु.१२००० | रु.१००००<br>रु.१०००० | रु.५०००<br>रु.५००० |
| ६ | <u>शेषपछिको वकसपत्रको लिखत</u><br>शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत<br>क) तिन पुस्ताभित्रको<br>ख) तीन पुस्ताबाहिरको | हालैको बकस बमोजिम<br>रु.१२००० | हालैको बकस बमोजिम<br>रु.११००० | हालैको बकस बमोजिम<br>रु.१०००० | हालैको बकस बमोजिम<br>रु.४००० |
| ७. | <u>बन्धकीको लिखत</u><br>दृष्टिबन्धक, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% | १% |
| ८. | अचल सम्पती फ्लोपभोग(युजु फ्रुक्ट) लिखत प्रति लिखत थैली अंकमा | रु.१२०० | रु.८०० | रु.७०० | रु.५०० |
| ९. | <u>शेष पछिको बकसपत्र</u><br>(क) संसोधन<br>(ख) रद्द गर्ने | रु.२५००<br>रु.१००० | रु.२०००<br>रु.८०० | रु.१५००<br>रु.७०० | रु.१०००<br>रु.५०० |
| १०. | गूठी स्थापना लिखत | रु.७०० | रु.६०० | रु.५०० | रु.४०० |
| ११. | घर बहाल लिखत (पहिलो महिनाको बहाल रकमको %) | ६% | ५% | ४% | ३% |
| १२. | <u>अन्य जुनसुकै प्रकारको लिखत</u><br>(क) रकम खुलेको भए (रकमको %)<br>(ख) रकम नखुलेको भए (प्रति लिखत रु.) | ४%<br>रु.८००० | ३%<br>रु.७००० | २%<br>रु.५००० | १%<br>रु.३००० |
| १३. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रु.२००० | रु.२००० | रु.२००० | रु.२००० |
| १४. | कपाली तमसुक र करारनामाको लिखत दाखील खारेज नहुने, कपाली तमसुक र करारनामाको प्रति लिखत लिखत अंकको | १% | १% | १% | १% |
| १५. | सि.नं.४ को अंशवण्डा तथा अंश भपाईको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि १२ सम्मका घरजग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु घर जग्गा भएको इलाकाको कार्यालय बाहेक अन्य कार्यालयबाट पारीत गर्न सकिने छैन। | | | | |

ख) सेवा शुल्क

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उ.म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १ | <u>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क</u><br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क | | | | |
| | क) तराई क्षेत्रमा | रु.१५००० | रु.१०००० | रु.७००० | रु.३००० |
| | ख) अन्य क्षेत्रमा | रु.१५००० | रु.७००० | रु.५००० | रु.२००० |
| २ | <u>वित्तीय धितो</u><br>नेपाल राष्ट्र बैंक बाट वित्तीय कारोबार गर्न स्विकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | क) रु.१०००००/- सम्मको लिखतको थैली अंकमा | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० |
| | ख) रु.१०००००/- भन्दा बढी रु.५०००००/- सम्मको लिखतको थैली अंकमा | रु.१५०० | रु.१५०० | रु.१५०० | रु.१५०० |
| | ग) रु.५०००००/- भन्दा बढी रु.१००००००/- सम्मको लिखतको थैली अंकमा | रु.२५०० | रु.२५०० | रु.२५०० | रु.२५०० |
| | घ) रु.१००००००/- भन्दा बढी रु.२००००००/- सम्मको लिखतको थैली अंकमा | रु.३००० | रु.३००० | रु.३००० | रु.३००० |
| | ङ) रु.२००००००/- भन्दा बढी रु.५००००००/- सम्मको लिखतको थैली अंकमा | रु.५००० | रु.५००० | रु.५००० | रु.५००० |
| | च) रु.५००००००/- भन्दा बढी रु.१०००००००/- सम्मको लिखतको थैली अंकमा | रु.२०००० | रु.२०००० | रु.२०००० | रु.२०००० |
| | छ) रु.१०००००००/- भन्दा बढी रु.२०००००००/- सम्मको लिखतको थैली अंकमा | रु.३०००० | रु.३०००० | रु.३०००० | रु.३०००० |
| | ज) रु.२०००००००/- भन्दा बढी रु.५०००००००/- सम्मको लिखतको थैली अंकमा | रु.६५००० | रु.६५००० | रु.६५००० | रु.६५००० |
| | झ) रु.५०००००००/- भन्दा बढी जतिसुकै थैली अंकमा । | रु१००००० | रु१००००० | रु१००००० | रु१००००० |
| ३. | <u>लीज</u> :-<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधी,२०७१ को अनुसूची-१ अनुसार शुल्क लाग्नेछ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि( टिकट बाहेक) प्रति पुर्जा (रु.)<br>क) तराई क्षेत्र<br>ख) अन्य क्षेत्र<br>नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ\| | <br><br>१००० <br>१००० | <br><br>७००<br>५०० | <br><br>५००<br>३०० | <br><br>२००<br>१०० |
| ५. | दाखिल खारेज शुल्क | | | | |
| | क) करार अनुसार लिखत पारित गर्न ठहर्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा | ३% | २.५% | २% | १% |
| | ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दा. खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | घ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक, वित्तिय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.७००० | रु.६००० | रु.५००० | रु.२००० |
| | ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धीत ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | च) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड भई दा.खा. हुन आँउदा प्रति मिसिल | रु.५०० | रु.४०० | रु.३०० | रु.२०० |
| | छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.५००० | रु.३००० | रु.१००० | रु.५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | **ज) शेषपछिको वकसपत्रको दाखिल खारेज**<br>(चालु मूल्यांकनको थैली अंक र लिखतको मुल्यमा जुन बढी हुन्छ बढीमा असुल हुने)<br>क) तीनपुस्ता भित्रको भए(%)<br>ख) तीनपुस्ता बाहिरको भए (%) | <br><br><br>०.५<br>५ | <br><br><br>०.४<br>४ | <br><br><br>०.३<br>३ | <br><br><br>०.२<br>२ |
| ६. | नामसारी<br>क) तीनपुस्ता भित्रको नामसारी गर्दा<br>ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | <br>रु.५००<br>रु.१५०० | <br>रु.३००<br>रु.१२०० | <br>रु.२००<br>रु.१००० | <br>रु.१००<br>रु.७०० |
| ७. | हाल साविक<br>पुन नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.४०० | रु.३०० | रु.२०० | रु.१०० |
| ८. | घर कायम<br>(क) श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा<br>(ख) श्रेस्तामा घर पाताल प्रति निवेदन | रु.२५००<br>रु.१५०० | रु.२०००<br>रु.१२०० | रु.२०००<br>रु.१००० | रु.५००<br>रु.५०० |
| ९. | संशोधन शुल्क<br>मालपोत ऐन, २०३४ को दफा ७३ अनुसारको विवरणमा संसोधन गर्नुपर्दा प्रति मिसिल | रु.३०० | रु.२०० | रु.१०० | रु.१०० |
| १०. | रोक्का शुल्क<br>क) लिखत रजिष्ट्रेशन भएकोमा थैली अंक जतिसुकै भएपनि<br>ख) लिखत रजिष्ट्रेशन नहुनेमा रु.१००००० सम्मको ऋण अङ्कमा<br>ग) रु.१००००० भन्दा बढी रु.५००००० सम्म<br>घ) रु.५ लाखभन्दा बढी जतिसुकै ऋण अंकमा<br>ङ) ऋण अंक नखुलेकोमा | नलाग्ने<br>रु.५००<br>रु.८००<br>रु.१०००<br>रु.५००० | नलाग्ने<br>रु.४००<br>रु.७००<br>रु.८००<br>रु.४००० | नलाग्ने<br>रु.३००<br>रु.५००<br>रु.७००<br>रु.३००० | नलाग्ने<br>रु.२००<br>रु.३००<br>रु.५००<br>रु.२००० |

ग) विविध

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा उद्योग/फर्म दर्ता हुने सम्बन्धित निकायको छूट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| २. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित गर्दा सो उधोग/फर्म दर्ता हुने सम्बन्धित निकायको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| ३. | प्रदेशभित्र सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा सो उद्योग/फर्म दर्ता हुने सम्बन्धित निकायको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ४. | प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । |
| ५. | (क) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितोबन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रु. ५००।–लाग्नेछ । |
| | (ख) सहकारी ऐन, २०७४ वमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु विच ऋण लगानी प्रवाह गर्दा तीस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड (ख) सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्नेछ । |
| ६. | (क) प्रदेशभित्र बैंकिङ्ग तथा वित्तिय व्यवसाय र विमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन \| |
| | (ख)जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता–पिताको नाममा स्वमित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ ।तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नु पर्नेछ\| |
| ७. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाति भनी स्थानीय निकायवाट प्रमाणित भएको सिफारिस वा आधिकारीक प्रमाणको आधारमा निजको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| ८ | क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरि पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ । तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नुपर्नेछ\| |
| ९. | क) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रु.१००।–मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ \| |
| | ख) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा सो उधोग/फर्म दर्ता हुने सम्बन्धित निकायको छुट सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट दिइनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित गाउँपालिका वा |

| | |
|---|---|
| | नगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| | ग) भूमिहिन मुक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ । तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नुपर्नेछ। |
| १०. | बैक, वित्तीय संस्था एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय संस्था एवं सहकारी संघ वा संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ । |
| ११. | संघ, संस्था वा निकायको विधानमा उल्लेखित धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाममा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सकिनेछ । |
| १२. | प्रदेश भित्र यो ऐन लागू हुँदाका वखत नेपाल सरकारवाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ । |
| १३. | सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराइ र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभाग/प्रदेशको सहकारी सम्बन्धी नियमन गर्ने निकाय/स्थानीय तहको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक विक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ । |
| १४. | विविधको क्रमसंख्या ६,७, ८ र ९ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ । |
| १५. | एउटै कारोवारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लिखत पारित गर्नेछ । |
| १६. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |
| १७. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या (२) मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| १८. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| १९. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै पनि निकायले खरीद गरि लिएमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २०. | अन्तर सरकारी बित्त व्यवस्थापन ऐन-२०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयले संकलन गरेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क बापतको रकम बाँडफाँड गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा र साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहहरुलाई बाँडफाँड गरी सम्बन्धित स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्नेछ। |

## अनुसूची– २

## (दफा ३ सँग सम्बन्धित)

# सवारी साधन कर

| | |
|---|---|
| **सवारी साधन कर** | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| अ) १००० सी.सी सम्म | रु.२१००० |
| आ) १००१ देखि १५०० सी.सी सम्म | रु.२३००० |
| इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.३०००० |
| ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु.३५५०० |
| उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.४१००० |
| ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु.५८५०० |
| ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपररु | |
| अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.३८५०० |
| आ) मिनीटिपर | रु.२७५०० |
| ग)अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| अ) अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो | रु.५००० |
| आ) ट्रेक्टर | रु.४५०० |
| इ) पावर टिलर | रु.३५०० |
| घ) मिनिट्रक, मिनिबस | रु.२४५०० |
| ङ) ट्रक, बस | रु.३३००० |
| च) मोटर साइकल | |
| अ) १२५ सी.सी. सम्मको | रु.२८०० |
| आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४५०० |
| इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.९००० |
| ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१६५०० |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :– | |
| सवारीको किसिम | |
| क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| अ) १३०० सी.सी.सम्म | रु.८५०० |
| आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.९५०० |
| इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.११५०० |
| ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१३५०० |
| उ) ४००१ सी.सी. र सो भन्दा माथि सबै | रु.१६००० |
| ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१८००० |
| ग)अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| अ) अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो | रु.४५०० |
| आ) ट्रेक्टर | रु.२७०० |
| इ) पावर टिलर | रु.२५०० |
| घ) मिनीट्रक, मिनीबस | रु.१२५०० |
| ङ) मिनी ट्रिपर | रु.१५००० |
| च) ट्रक, बस,तेल ट्यांकर | रु.१७००० |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको नाममा दर्ता भएका सवारी साधनहरूलाई क्र.सं. (२) बमोजिम लाग्ने सरह कर लाग्नेछ । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा क्र.सं. (१) र (२) बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर आयात मितिले १ बर्ष सम्म ब्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | क) सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकार, प्रदेश सरकारले ठहर्यायेको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन।<br>ख) कुनै सवारी धनीले आफ्नो सवारी साधन बिग्री वा अन्य कुनै कारणले पुन संचालनमा आउन नसक्ने भए लगत कट्टाको मिति सम्मको सवारी साधन कर तथा दस्तुर तिरी लगत कट्टा गर्न सक्नेछ । |
| ७. | साविकमा बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले दश वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा दश वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकम भन्दा बढी हुने छैन । |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी तथा ज्येष्ठ नागरिकलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् ।यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ। |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११. | क्र.सं. (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १२. | बीस लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन । |
| १४. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ । |
| १५. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |

अनुसूची–३

(दफा ५ सँग सम्बन्धित)

मनोरञ्जन कर

| सि.नं. | विवरण | मनोरञ्जन करको दर | कैफियत |
|---|---|---|---|
| १. | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट (टिकट मूल्यको) | ३% | |
| २. | भिडियो घर, संस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर, नाटक घर (टिकट मूल्यको ) | ५% | |
| ३. | दोहोरी साँझ, डान्स बार, जुम्बा (बार्षिक) | रु. ५००० | |
| ४. | फन पार्क, वाटर गार्डेन, बाल उद्धान (टिकट मूल्यको) | २% | |
| ५. | एक महिना सम्म जादु, मेला सर्कस तथा मनोरन्जनात्मक कार्यक्रम संचालन गराए बापत (प्रति दिन) | रु.२०० | |
| ६ . | एक महिना भन्दा बढी जादु, मेला तथा मनोरन्जनात्मक कार्यक्रम संचालन सर्कस संचालन गराए बापत (प्रति महिना) | रु.५५०० | |
| ७. | नेपाली चलचित्रको प्रदर्शनमा सि.नं. १ मा उल्लेखित दरमा ५०% छुट दिईनेछ । | | |

## अनुसूची-४

(दफा ७ संग सम्बन्धित)

## पर्यटन शुल्क

नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेशले आफै निर्माण गरेका पर्यटकिय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा देहाय अनुसार शुल्क लाग्नेछ ।

| सि.न. | शीर्षक | दर |
|---|---|---|
| १. | पदमार्ग | प्रति पर्यटक सार्क मुलुकका पर्यटकका लागि यु.एस.डलर ५ र अन्य मुलुकका पर्यटकका लागि यु.एस.डलर १० |
| २. | पर्यटक शुल्क | विदेशी पर्यटकको हकमा प्रति पर्यटक शुल्क रु.१००० र स्वदेशी पर्यटकको हकमा शुल्क प्रति पर्यटक रु.१०० का दरले |

सि.नं. (१) मा व्यवस्था गरिएको पदमार्गको पर्यटन शुल्क शुरु बिन्दुको स्थानीय तहबाट संकलन गरिनेछ|

अनुसूची–५

(दफा ८ सँग सम्बन्धित)

प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क

| सि.नं. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर (बिक्री शुल्क) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ढुंगा, गिटी, रोडा, ग्रावेल, चट्टान, स्लेट | प्रति क्यूब फिट | रु. २.०० | ४.०० | |
| २. | बालुवा, चिप्स | प्रति क्यूब फिट | रु. १.७५ | ३.०० | |
| ३. | माटो (भरौट र बलौटे) | प्रति क्यूब फिट | रु. १.२५ | २.५० | |
| ४. | नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि (दहत्तर बहत्तर) | प्रति किलो | रु.१.०० | रु.१.५० | |
| ५. | खानीजन्य बस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको बिक्रीमा बिक्री गर्दाकै बखत प्रति बोरा तीन रुपैयाँका दरले प्राकृतिक स्रोत उपयोग बापत शुल्क लगाईनेछ । | | | | |

विधेयक संख्या: ४१

मिति: २०७७।३।१८

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७

प्रदेश सभा सचिवालय

प्रदेश नं. १

विराटनगर, नेपाल

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना : प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर लगाउने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानून तथा मौजुदा कानूनलाई तर्जूमा गर्न तथा समय अनुकुल संशोधन गर्न वान्छनीय भएकाले,

प्रदेश नं. १ प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यो ऐनको दफा १२ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू सम्वत् २०७७ साल साउन १ गते देखि प्रारम्भ हुनेछ।

२. घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं.१ भित्र अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुरको संकलन घरजग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित नगरपालिका र गाउँपालिकाले गर्नेछ।

(३) उपदफा (२) बमोजिम गाउँपालिका वा नगरपालिका मार्फत घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर उठाउन आवश्यक पर्ने स्रोत, साधन, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ।

(४) उपदफा (३) बमोजिम संकलित रकम बाँडफाँड गरी घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर बापत संकलित रकमको साठी प्रतिशतले हुन आउने रकम मासिक रुपमा सम्बन्धित स्थानीय तहको संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा दाखिला गरिनेछ।

३. सवारी साधन कर : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेको सवारी साधनमा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा(ई-रिक्सा) र पावर ट्रिलरमा सम्बन्धित नगरपालिका वा गाउँपालिकाले सवारी साधन कर लगाई असुल गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर उठाउन आवश्यक पर्ने साधन, स्रोत, प्रविधि जनशक्ति र कार्यालयको व्यवस्था नभएसम्म प्रदेश सरकारवाट तोकिएको कार्यालयले संकलन गर्नेछ।

(४) उपदफा (३) बमोजिम संकलित रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी जम्मा भएको कुल रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम स्थानीय विभाज्य कोषमा दाखिला गरी स्थानीय तहलाई तोकिए बमोजिम बाँडफाँड गरी स्थानीय संचित कोषमा दाखिला गरिनेछ।

४. <u>सवारी चालक अनुमति-पत्र, सवारी दर्ता किताब (ब्लू बुक) सम्बन्धी दस्तुर</u> : (१) आर्थिक बर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र सवारी चालक अनुमति पत्रको इजाजत दस्तुर, सवारी चालक अनुमति पत्रको दरखास्त दस्तुर, सवारी चालक अनुमति पत्रको नवीकरण दस्तुर, सवारी चालक अनुमतिपत्रको जरिवाना, सवारी चालक अनुमति पत्रको पुनः प्रयोगात्मक परिक्षा (रि-ट्रायल) दस्तुर, सवारीको दर्ता किताब दस्तुर(ब्लू बुक), सवारी जाँचपास दस्तुर तथा सोको नवीकरण दस्तुर र अन्य दस्तुर सम्बन्धी व्यवस्था प्रचलित सवारी तथा यातायात सम्वन्धी कानून बमोजिम लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी चालक अनुमति-पत्र सम्बन्धी दस्तुर प्रदेश सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ।

(३) यस दफामा उल्लिखित दस्तुर तोकिएको कार्यालयले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्नेछ।

५. <u>मनोरञ्जन कर</u> : (१) आर्थिक बर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र सञ्चालित चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट, नाटक घर/थियटर, फनपार्क, बाल उद्यान, वाटर पार्क, दोहोरी साँझ, डान्सबार, जुम्बा, हाटबजार र मेला जस्ता मनोरञ्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर एकमुष्ठ तोकिएको अवस्थामा सोहि बमोजिम र अन्यमा मनोरञ्जन स्थलको प्रवेशको लागि खरिद गरिने टिकटको मुल्यमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिम मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठेको महिना भन्दा पछिल्लो महिनाको पच्चीस गते भित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि भित्र शुल्क दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याजसहित असुल गरिनेछ।

(५) यस दफा बमोजिमको मनोरञ्जन करको नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(६) उपदफा (१) बमोजिम संकलित करको बाँडफाँड गरी चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।

६. <u>विज्ञापन कर</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र राखिने होर्डिंग बोर्ड, साईन बोर्ड, व्यानर, ट्राइ भिजन बोर्ड, गलो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको विज्ञापन/प्रचारको लागि राखिने बस्तु वा सामग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिम विज्ञापन करको दर एवं कर संकलन प्रणाली सम्बन्धित नगरपालिका र गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ र यस करको नियमन र प्रशासन सम्बन्धित नगरपालिका र गाउँपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिम संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गरिनेछ।

७. <u>पर्यटन शुल्क</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र अनुसूची-४ बमोजिम पर्यटन शुल्क लगाईने र असुल गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिका भित्र रहेका उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचीन स्मारक र पुरातात्विक सम्पदा लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरे वापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असूल गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पर्यटन शुल्क सम्बन्धी कार्यविधि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्वन्धी सम्पूर्ण कार्य प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट हुनेछ।

(५) उपदफा (२) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धित नगरपालिका वा गाउँपालिकाले गर्नेछ।

(६) उपदफा (२) बमोजिम संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।

८. <u>प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र अनुसूची-५ बमोजिम ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तरबहत्तरको संकलन तथा बिक्रीमा शुल्क लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(३) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र ढुंगा, गिटी, बालुवा, माटो र दहत्तरबहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन कार्ययोजना प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस भन्दा पहिले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसकेको अवस्थामा ढुंगा, गिटी, बालुवा, माटो र दहत्तरबहत्तर संकलन गर्न बाधा पर्ने छैन।

(५) उपदफा (१) बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा दाखिला गरिनेछ।

९. <u>दण्ड जरिवाना</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र कुनै व्यक्ति संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड जरिवाना गर्न सक्नेछ ।

(२) यस ऐनको उल्लङ्घन वापत हुने दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोहि बमोजिम र उल्लेख नभएकोमा संघीय कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>अन्य राजस्व</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ मातहत रहेका कार्यालयहरूको कार्यप्रकृति अनुसार वस्तु तथा सेवा प्रवाहको माध्यमबाट संकलन हुने दर्ता शुल्क, विक्री मूल्य वा शुल्क तथा दस्तुर प्रदेश कानूनमा निर्धारण नभईसकेको अवस्थामा प्रचलित कानूनमा उल्लेख भएको दरमा संकलन गरिनेछ।

(२) उपदफा (१) बमोजिम संकलन भएको कर तथा गैर कर राजस्व रकम प्रदेश संचित कोषमा दाखिला गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्वन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

११. <u>दर घटाउन, बढाउन वा छुट दिन सकिने</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले मुनाफा रहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहका निकाय वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठीत संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

(४) यस दफा बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक आर्थिक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१२. <u>कोभिड-१९ को संक्रमणबाट प्रभावित कारोबारमा जरिवाना मिनाहा सम्बन्धी विशेष व्यवस्था:</u> (१) घरेलु तथा साना उद्योग कार्यालय र यातायात व्यवस्था सम्बन्धी कार्यालयहरुबाट

प्रवाह हुने सेवामा कर, शुल्क, दस्तुर वुझाउनु पर्नेमा कोभिड-१९ को कारणवाट भएको लकडाउनको अवधिमा वुझाउन नसकेको कारणले थप दस्तुर, जरिवाना तथा थप जरिवाना लाग्ने भएमा सो थप दस्तुर, जरिवाना तथा थप जरिवाना मिनाहा दिईनेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि लकडाउनको कारणले बन्द गरिएको सार्वजनिक सडक यातायात खुलेको मितिले साठी दिन भित्र वुझाएमा मात्र उपरोक्त अनुसारको थप दस्तुर, जरिवाना तथा थप जरिवाना मिनाहा दिईनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि संचार क्षेत्रको अनुमतिपत्र दर्ता र नविकरण दस्तुरमा छुट दिइनेछ।

१३. <u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u> : प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

## अनुसूची-१

(दफा २ सँग सम्वन्धित)

### रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

क) घर जग्गा रजिष्ट्रेशन शुल्कः

| सि. नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उ.म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अंकमा | ५% | ४.५% | ४% | २% |
| | ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ३% | २% | १% | ०.५% |
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन् सहितको घरजग्गाको लिखतको थैली अंकमा | ४% | ३.५% | ३% | १.५% |
| २. | छोडपत्र दर्ताफारी (संयुक्त दर्तावाला बीचको लिखितको थैली अंकमा ) | | | | |
| | क) दुई जना दर्तावाला रहेकोमा | २.५% | २% | २% | १% |
| | ख) दर्तावाला दुई जना भन्दा बढी रहेकोमा | राजिनामा सरह | राजिनामा सरह | राजिनामा सरह | राजिनामा सरह |
| ३. | हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा | | | | |
| | (क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नि, दाजु, भाउजु, भाइ, भाईवुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाई, सासु, ससुरा, जेठान, देवर, देवरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीवुहारी, काका, काकी, मामा, माइज्यू ,भाञ्जा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भाञ्जी ठुलो-बुवा, ठुली आमा (वावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकैं दाजुभाईको छोरा, छोरी, फूपू र भदाभदै बीच। | | | | |
| | (अ) रु.१ लाख सम्मको थैली अंकमा | १.५% | १% | १% | ०.५% |
| | (आ) रु.१ लाख भन्दा माथि जति सुकै थैली अंकमा | २.५% | २% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अंकमा | १५% | १५% | १५% | १०% |
| | स्पष्टीकरण: सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायीक विद्यालय, सामुदायीक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन । | | | | |
| ४. | अंशवण्डा तथा अंश भर्पाईको लिखत | | | | |
| | अंशवण्डा तथा अंश भर्पाईको लिखतमा | | | | |
| | (क) रु.३० लाख सम्मको थैली अंकमा | ०.२% | ०.२% | ०.२% | ०.२% |
| | (ख) रु.३० लाख भन्दा वढी रु.२ करोड सम्मको थैली अंकमा | ०.३% | ०.३% | ०.३% | ०.३% |
| | (ग) रु.२ करोड भन्दा माथिको थैली अंकमा | ०.५% | ०.५% | ०.५% | ०.५% |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको लिखत | | | | |
| | क) मानो छुट्टिएको प्रति लिखत | रु.१२००० | रु.११००० | रु.१०००० | रु.५००० |
| | ख) मानो जोडिएको प्रति लिखत | रु.१५००० | रु.१२००० | रु.१०००० | रु.५००० |
| ६ | शेष पछिको वकसपत्रको लिखत | | | | |
| | शेष पछिको वकसपत्र | | | | |
| | क) तीन पुस्ता भित्रको | रु.१०००० | रु.९००० | रु.८००० | रु.३००० |
| | ख) तीन पुस्ता बाहिरको | रु.१२००० | रु.११००० | रु.१०००० | रु.४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | अष्टलोहको प्रतिलिखत<br>क) तिन पुस्ताभित्रको<br>ख) तीन पुस्ताबाहिरको | <br>रु.१२०००<br>रु.१५००० | <br>रु.८०००<br>रु.१३००० | <br>रु.७०००<br>रु.११००० | <br>रु.५०००<br>रु.८००० |
| ७. | बन्धकीको लिखत<br>दृष्टिबन्धक, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% | १% |
| ८. | अचल सम्पत्ती फलोपभोग(युजु फ्रुक्ट) लिखत प्रति लिखत थैली अंकमा | रु.१२०० | रु.८०० | रु.७०० | रु.५०० |
| ९. | शेष पछिको बकसपत्र<br>(क) संशोधन<br>(ख) रद्द गर्ने | <br>रु.२५००<br>रु.१००० | <br>रु.२०००<br>रु.८०० | <br>रु.१५००<br>रु.७०० | <br>रु.१०००<br>रु.५०० |
| १०. | गूठी स्थापना लिखत | रु.७०० | रु.६०० | रु.५०० | रु.४०० |
| ११. | घर बहाल लिखत (पहिलो महिनाको बहाल रकमको प्रतिशत) | ६% | ५% | ४% | ३% |
| १२. | अन्य जुनसुकै प्रकारको लिखत<br>(क) रकम खुलेको भए (रकमको प्रतिशत)<br>(ख) रकम नखुलेको भए (प्रति लिखत रु.) | <br>४%<br>रु.८००० | <br>३%<br>रु.७००० | <br>२%<br>रु.५००० | <br>१%<br>रु.३००० |
| १३. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रु.२००० | रु.२००० | रु.२००० | रु.२००० |
| १४. | कपाली तमसुक र करारनामाको लिखत दाखील खारेज नहुने, कपाली तमसुक र करारनामाको प्रति लिखत, लिखत अंकको | १% | १% | १% | १% |
| १५. | सि.नं.४ को अंशवण्डा तथा अंश भपाईको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि १२ सम्मका घरजग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु घर जग्गा भएको ईलाकाको कार्यालय बाहेक अन्य कार्यालयबाट पारीत गर्न सकिने छैन। | | | | |

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नम्बर १ विराटनगर, नेपाल

सभामुख

ख) सेवा शुल्क

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उ.म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १ | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क<br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क | | | | |
| | क) तराई क्षेत्रमा | रु.१५००० | रु.१०००० | रु.७००० | रु.३००० |
| | ख) अन्य क्षेत्रमा | रु.१५००० | रु.७००० | रु.५००० | रु.२००० |
| २ | वित्तीय धितो<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | क) रु.१०००००/- सम्मको लिखतको थैली अंकमा | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० |
| | ख) रु.१०००००/- भन्दा बढी रु.५०००००/- सम्मको लिखतको थैली अंकमा | रु.१५०० | रु.१५०० | रु.१५०० | रु.१५०० |
| | ग) रु.५०००००/- भन्दा बढी रु.१००००००/- सम्मको लिखतको थैली अंकमा | रु.२५०० | रु.२५०० | रु.२५०० | रु.२५०० |
| | घ) रु.१००००००/- भन्दा बढी रु.२००००००/- सम्मको लिखतको थैली अंकमा | रु.३००० | रु.३००० | रु.३००० | रु.३००० |
| | ङ) रु.२००००००/- भन्दा बढी रु.५००००००/- सम्मको लिखतको थैली अंकमा | रु.५००० | रु.५००० | रु.५००० | रु.५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | च) रु.५000000/- भन्दा बढी रु.१0000000/- सम्मको लिखतको थैली अंकमा | रु.२0000 | रु.२0000 | रु.२0000 | रु.२0000 |
| | छ) रु.१0000000/- भन्दा बढी रु.२0000000/- सम्मको लिखतको थैली अंकमा | रु.३0000 | रु.३0000 | रु.३0000 | रु.३0000 |
| | ज) रु.२0000000/- भन्दा बढी रु.५0000000/- सम्मको लिखतको थैली अंकमा | रु.६५000 | रु.६५000 | रु.६५000 | रु.६५000 |
| | झ) रु.५0000000/- भन्दा बढी जतिसुकै थैली अंकमा | रु.१00000 | रु.१00000 | रु.१00000 | रु.१00000 |
| ३. | <u>लिज</u> :-<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने। | सरकारी जग्गा दर्ता तथा लिज़मा उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २0७१ को अनुसूची-१ अनुसार शुल्क लाग्नेछ। | | | |
| ४. | <u>जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा (रु.)</u><br>क) तराई क्षेत्र<br>ख) अन्य क्षेत्र<br><u>नोट</u>: जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिंदा समेत लागु हुनेछ। | <br><br>१000<br>१000 | <br><br>७00<br>५00 | <br><br>५00<br>३00 | <br><br>२00<br>१00 |
| ५. | <u>दाखिल खारेज शुल्क</u> | | | | |
| | क) करार अनुसार लिखत पारित गर्न ठहर्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | ख) अन्य फैसला वा मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारेज गर्दा | ३% | २.५% | २% | १% |
| | ग) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | घ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.७००० | रु.६००० | रु.५००० | रु.२००० |
| | ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | च) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड भई दाखिल खारेज हुन आँउदा प्रति मिसिल | रु.५०० | रु.४०० | रु.३०० | रु.२०० |
| | छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.५००० | रु.३००० | रु.१००० | रु.५०० |
| | ज) <u>शेषपछिको वकसपत्रको दाखिल खारेज</u> (चालु मूल्यांकनको थैली अंक र लिखतको मुल्यमा जुन बढी हुन्छ बढीमा असुल हुने। | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) तीन पुस्ता भित्रको भए प्रतिशत<br>ख) तीन पुस्ता बाहिरको भए प्रतिशत | ०.५<br>५ | ०.४<br>४ | ०.३<br>३ | ०.२<br>२ |
| ६. | नामसारी<br>क) तीन पुस्ता भित्रको नामसारी गर्दा<br>ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु.५००<br>रु.१५०० | रु.३००<br>रु.१२०० | रु.२००<br>रु.१००० | रु.१००<br>रु.७०० |
| ७. | हालसाविक<br>पुनः नापजाँच पछिको श्रेस्ता हालसाविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.४०० | रु.३०० | रु.२०० | रु.१०० |
| ८. | घर कायम<br>(क) श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा<br>(ख) श्रेस्तामा घर पाताल प्रति निवेदन | रु.२५००<br>रु.१५०० | रु.२०००<br>रु.१२०० | रु.२०००<br>रु.१००० | रु.५००<br>रु.५०० |
| ९. | संशोधन शुल्क<br>मालपोत ऐन, २०३४ को दफा ७३ अनुसारको विवरणमा संशोधन गर्नुपर्दा प्रति मिसिल | रु.३०० | रु.२०० | रु.१०० | रु.१०० |
| १०. | रोक्का शुल्क<br>क) लिखत रजिष्ट्रेशन भएकोमा थैली अंक जतिसुकै भएपनि | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | ख) लिखत रजिष्ट्रेशन नहुनेमा रु.१००००० सम्मको ऋण अङ्कमा | रु.५०० | रु.४०० | रु.३०० | रु.२०० |
| | ग) रु.१००००० भन्दा बढी रु.५००००० सम्म | रु.८०० | रु.७०० | रु.५०० | रु.३०० |
| | घ) रु.५ लाखभन्दा बढी जतिसुकै ऋण अंकमा | रु.१००० | रु.८०० | रु.७०० | रु.५०० |
| | ङ) ऋण अंक नखुलेकोमा | रु.५००० | रु.४००० | रु.३००० | रु.२००० |

(ग) विविध

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षी पालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पंचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| २. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित गर्दा उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुंल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ३. | प्रदेश भित्र सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा सो उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ४. | प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। |
| ५. | (क) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितोबन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। |
| | (ख) सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन, २०७६ वमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु बीच ऋण लगानी प्रवाह गर्दा दस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ। सो |

| | |
|---|---|
| | भन्दा माथिको थैली अंकमा खण्ड (ख) सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्नेछ। |
| ६. | (क) प्रदेशभित्र बैंकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गांभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन। |
| | (ख) पहिलो र दोश्रो जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलमा शहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता–पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ। तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नु पर्नेछ। |
| ७. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाति भनी स्थानीय निक्रायवाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा निजको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ८ | (क) महिला, सत्तरी वर्ष भन्दा वढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैतीस प्रतिशत छुट हुनेछ। तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नुपर्नेछ। |
| ९. | (क) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रु.१००।– मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |
| | (ख) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा सो उद्योग/फर्म दर्ता हुने सम्बन्धित निकायको छुट सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |

| | |
|---|---|
| | (ग) भूमिहिन, मुक्तकमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ। तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नुपर्नेछ। |
| १०. | बैक, वित्तीय संस्था एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज, गर्नुपर्दा सेवा शुल्क असूल गर्ने प्रयोजनको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय संस्था एवं सहकारी संघ वा संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ। |
| ११. | संघ, संस्था वा निकायको विधानमा उल्लेखित धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाममा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।<br>तर कुनै खास जात, जाती वा थर संग सम्बन्धित वा कुनै एउटै जात वा थरका व्यक्ति वा समूदायको लागि मात्र कार्य गर्ने संघ संस्था वा निकायलाई त्यस्तो छुट दिईने छैन। |
| १२. | प्रदेश भित्र यो ऐन लागू हुँदाका बखत नेपाल सरकारबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ। |
| १३. | सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन, २०७६ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराइ र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभाग/प्रदेशको सहकारी सम्बन्धी नियमन गर्ने निकाय/स्थानीय तहको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक विक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ। |
| १४. | विविधको क्रमसंख्या ६,७, ८ र ९ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ। |

| | |
|---|---|
| १५. | एउटै कारोवारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको छायाँप्रति पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको छायाँप्रति पेश गरेपछि मात्र सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लिखत पारित गर्नेछ । |
| १६. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह, रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १७. | तीन पुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या (२) मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| १८. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| १९. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै पनि निकायले खरिद गरी लिएमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २०. | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयले संकलन गरेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क वापतको रकम बाँडफाँड गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा र साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहहरुलाई बाँडफाँड गरी सम्बन्धित स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्नेछ। |

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

सवारी साधन कर

| | |
|---|---|
| सवारी साधन कर | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी सम्म | रु.२१००० |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु.२३००० |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.३०००० |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु.३५५०० |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.४१००० |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु.५८५०० |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, टिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपरहरु | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, टिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.३८५०० |
| (आ) मिनीटिपर | रु.२७५०० |
| (ग) अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो | रु.५००० |
| (आ) ट्रेक्टर | रु.४५०० |
| (इ) पावर टिलर | रु.३५०० |
| (घ) मिनिट्रक, मिनिवस | रु.२४५०० |
| (ङ) ट्रक, बस | रु.३३००० |
| (च) मोटरसाइकल | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२८०० |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४५०० |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.९००० |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१६५०० |

| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :– | |
|---|---|
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु.८५०० |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.९५०० |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.११५०० |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१३५०० |
| (उ) ४००१ सी.सी. र सो भन्दा माथि सबै | रु.१६००० |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१८००० |
| (ग) अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो | रु.४५०० |
| (आ) ट्रेक्टर | रु.२७०० |
| (इ) पावर टिलर | रु.२५०० |
| (घ) मिनीट्रक, मिनीवस | रु.१२५०० |
| (ङ) मिनी ट्रिपर | रु.१५००० |
| (च) ट्रक, बस, तेल टयांकर | रु.१७००० |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नाममा दर्ता भएका सवारी साधनहरूलाई क्र.सं. (२) बमोजिम लाग्ने सरह कर लाग्नेछ। |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा क्र.सं. (१) र (२) बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ५. | शुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर आयात मितिले १ बर्ष सम्म ब्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | (क) सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकार, प्रदेश सरकारले ठहर्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन। |

| | |
|---|---|
| | (ख) कुनै सवारी धनीले आफ्नो सवारी साधन बिग्री वा अन्य कुनै कारणले पुन संचालनमा आउन नसक्ने भए लगत कट्टाको मिति सम्मको सवारी साधन कर तथा दस्तुर तिरी लगत कट्टा गर्न सक्नेछ। |
| ७. | प्रदेश नं.१ बाहिर दर्ता भई प्रदेश नं. १ अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरूमा सरुवा सहमति भई दर्ताको लागि आउने सवारी साधनहरूको हकमा उत्पादनका मितिले दश वर्षभन्दा पूराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा दश वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर त्यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकम भन्दा बढी हुने छैन। |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी तथा ज्येष्ठ नागरिकलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन्। यसरी अग्रिम रूपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ। |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका वीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११. | क्र.सं. (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १२. | वीस लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र विक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १४. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। |

| | |
|---|---|
| १५. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। |
| १६. | वीस वर्ष पूरा भएका सार्वजनिक सवारी साधन सञ्चालन गरी जफत अवस्थामा त्यस्ता सवारीले बार्षिक रुपमा तिर्नुपर्ने सवारी कर नतिरेको रहेछ भने त्यस्ता सवारीमा लाग्ने करमा आ.व. २०७७/७८ को अन्तिममा तिर्न आएमा पचास प्रतिशत छुट दिई बाँकी रकम सम्बन्धित सवारी धनीसँग असुल गरी त्यस्ता सवारीको लगतकट्टा गरी दर्ता प्रमाणपत्र खारेज गर्ने। |
| १७. | कुनै सवारी दुर्घटनाग्रस्त भै चेसिस इन्जिन वा बडि काम नलाग्ने अवस्था भएको वा वाढी पहिरो तथा नदीमा डुबी नभेटिने अवस्था भएमा त्यस्ता सवारीहरूको लगत कट्टा गरी सवारी दर्ता प्रमाणपत्र खारेज गर्ने अवधिसम्म कर असुल गर्न बाँकी रहेछ भने त्यस्ता सवारी सञ्चालन भएको अवधिको मात्र कर तिर्नु पर्ने बाँकी अवधि छुट दिने व्यवस्था हुनुपर्ने। |
| १८. | कुनै सार्वजनिक तथा निजी सवारीको दश वर्षसम्म सवारी कर नतिरी दर्ता प्रमाणपत्र फेल भएको रहेछ र त्यस्तो सवारीको धनीले दर्ता प्रमाणपत्र खारेज गर्न चाहेमा एक पटकको लागि पछिल्लो तीन आर्थिक वर्षको सवारी कर(जरिवाना समेत) आ.व. २०७७/७८ असार मसान्त भित्र तिरी दर्ता कितावबाट लगतकट्टा गरी सवारी दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ। |
| १९. | कुनै सार्वजनिक तथा निजी सवारी दश वर्ष भन्दा बढी अवधिको सवारी साधन कर तिर्न बाँकी रहेछ भने र त्यस्तो सवारीको धनीले लगत कट्टा गरी प्रमाणपत्र खारेज गर्न चाहेमा एक पटकको लागि पछिल्लो पाँच आर्थिक वर्षको सवारी कर आ.व. २०७७/७८ असार मसान्त भित्र तिरी दर्ता किताबबाट लगतकट्टा गरी सवारीको दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ। |
| २०. | कुनै सार्वजनिक सवारीले दश वर्ष भन्दा माथि जतिसुकै आर्थिक वर्षको सवारी कर तिर्न बाँकि रहेछ भने एक पटकलाई पचास प्रतिशत सवारी साधन कर तिरी सवारी सञ्चालन गर्न पाउने तर वीस वर्ष अवधि पुगेको हकमा यो छुट लागु हुनेछैन। |

अनुसूची-३

(दफा ५ सँग सम्वन्धित)

मनोरञ्जन कर

| सि.नं. | विवरण | मनोरञ्जन करको दर | कैंफियत |
|---|---|---|---|
| १. | चलचित्र घरमा, चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट (टिकट मूल्यको) | ३% | |
| २. | भिडियो घर, संस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर, नाटक घर (टिकट मूल्यको ) | ५% | |
| ३. | दोहोरी साँझ, डान्स बार, जुम्बा (वार्षिक) | रु. ५००० | |
| ४. | फन पार्क, वाटर गार्डेन, बाल उद्यान (टिकट मूल्यको) | २% | |
| ५. | एक महिना सम्म जादु, मेला, सर्कस तथा मनोरन्जनात्मक कार्यक्रम संचालन गराए वापत (प्रति दिन) | रु.२०० | |
| ६ . | एक महिना भन्दा बढी जादु, मेला तथा मनोरन्जनात्मक कार्यक्रम संचालन सर्कस संचालन गराए बापत (प्रति महिना) | रु.५५०० | |
| ७. | नेपाली चलचित्रको प्रदर्शनमा सि.नं. १ मा उल्लेखित दरमा ५०% छुट दिईनेछ। | | |

## अनुसूची -४

(दफा ७ संग सम्बन्धित)

### पर्यटन शुल्क

नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेशले आफै निर्माण गरेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा देहाय अनुसार शुल्क लाग्नेछ ।

| सि.न. | शीर्षक | दर |
|---|---|---|
| १. | पदमार्ग | प्रति पर्यटक सार्क मुलुकका पर्यटकका लागि यु.एस.डलर ५ र अन्य मुलुकका पर्यटकका लागि यु.एस.डलर १० |
| २. | पर्यटक शुल्क | विदेशी पर्यटकको हकमा प्रति पर्यटक शुल्क रु.१००० र स्वदेशी पर्यटकको हकमा शुल्क प्रति पर्यटक रु.१०० का दरले |

सि.नं. (१) मा व्यवस्था गरिएको पदमार्गको पर्यटन शुल्क शुरु बिन्दुको स्थानीय तहबाट संकलन गरिनेछ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

## अनुसूची-५

(दफा ८ सँग सम्बन्धित)

प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क

खण्ड 'क'

| सि.नं. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर (बिक्री शुल्क) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ढुंगा, गिटी, रोडा, ग्रावेल, चट्टान, स्लेट | प्रति क्यूब फिट | रु. २.०० | ४.०० | |
| २. | बालुवा, चिप्स | प्रति क्यूब फिट | रु. १.७५ | ३.०० | |
| ३. | माटो (भरौट र बलौटे) | प्रति क्यूब फिट | रु. १.२५ | २.५० | |
| ४. | नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि (दहत्तरबहत्तर) | प्रति किलो | रु.१.०० | रु.१.५० | |
| | माथि उल्लेखित सि.नं. १-४ सम्मको संकलन तथा बिक्री शुल्क बापतको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिइनेछ। | | | | |

(अ) "ढुङ्गा, गिट्टी, बालवुा, माटो, चट्टान, देहत्तर बहत्तर " भन्नाले नदी खोल्सा खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा संकलन गर्ने बहुमूल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालवुा, रोडा, गेग्रान, चट्टान, माटो, चनुढुङ्गा, स्लेट, जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदि वा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनुपर्छ ।

(आ) व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ। सो सम्वन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।

सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनुपर्नेछ:

(क) साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृत भएको हुनुपर्ने छ।

(ख) माटो उत्खननबाट प्राकृतिक श्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो नहर, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ।

खण्ड ख

| | |
|---|---|
| १. | खानीजन्य वस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्ट उद्योग भन्दा बाहिर पठाउँदा प्रति बोरा एक रुपैयाँका दरले प्राकृतिक स्रोत उपयोग बापत शुल्क लगाईनेछ। यसरी लगाइएको शुल्क सम्बन्धित उद्योगले सम्बन्धित निकायमा कर तिरेको निस्सा प्रदेश लेखा नियन्त्रण इकाई कार्यालयमा बुझाउनु पर्नेछ । यस शुल्कको नियमन प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हुनेछ। |

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

उपरोक्त सम्बन्धमा मिति २०७७/०३/०५ गते बसेको प्रदेश सभाको छैटौं तथा बजेट अधिवेशनको १५ औं बैठकले पारित गरेको विधेयक "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७" नेपालको संविधानको धारा २०५(१) बमोजिम प्रमाणित गर्दछु।

माननीय प्रदिप कुमार भण्डारी
सभामुख

प्रदेश सभा सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

माननीय सोमनाथ अधिकारी "प्यासी"
प्रदेश प्रमुख
मिति: २०७७/३/१८